दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३१३ | बुटवल | २०८१ मंसिर ०५, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Nov.20, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



जाडो मौसममा चिसोबाट बचौं :
-जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
-तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
-घर तथा कोठा न्यानो बनाऔं,
-बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं ।
-बढी चिसोमा मर्निंगवाक नगरौं,
-दैनिक घाम ताप्ने गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड


## दुर्गा प्रसाईंमाथि किर्ते र साइबर क्राइममा अनुसन्धान हुने



काठमाडौं । फौजदारी कसुरमा पक्राउ परेका दुर्गा प्रसाईंमाथि लिखत सम्बन्धी कसुर (किर्ते) र विद्युतीय कारोबारसम्बन्धी अपराध (साइबर क्राइम) मा अनुसन्धान हुने भएको छ ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) को टोलीले प्रसाईंलाई भक्तपुरस्थित उनको निवासबाट पक्राउ गरी सीआइबीले साइबर ब्युरोमा बुझाएको छ ।

तत्काल विद्युतीय कारोबार (साइबर) अपराधसम्बन्धी कसुरमा अनुसन्धानका लागि नियन्त्रणमा लिइएको र अरू कसुरमा पनि जाहेरी रहेकाले थप विषयमा पनि मुद्दा अघि बढ्ने सीआइबी निर्देशक दीपक थापाले बताए ।उनीविरुद्ध किर्ते कसुरमा पनि अनुसन्धान हुने गरी अदालतको अनुमति लिने तयारी भइरहेको प्रहरीले जनाएको छ ।

'प्रसाईंमाथि पहिलेदेखि नै विभिन्न अपराधमा अनुसन्धान भइरहेको थियो,' उनले भने-'पछिल्लो घटनापछि तत्काल नियन्त्रणमा लिनुपर्ने अवस्था आयो ।'

प्रसाईंले प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीमाथि कम्बोडियामा अरबौं लगानी गरेको गम्भीर आरोप लगाइएका सामग्री सामाजिक सञ्जालमा फैलाएको आरोप छ ।

उनले प्रधानमन्त्रीको हस्ताक्षर नै किर्ते गरेको प्रहरीको भनाइ छ ।

विवादित पृष्ठभूमिका मेडिकल व्यवसायी प्रसाईं यसअघि असोज ६ गते पक्राउ परेका थिए । रास्वपाकी एक केन्द्रीय सदस्यले दिएको जाहेरीअनुसार उनीविरुद्ध साइबर अपराधसम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन छ । उक्त मुद्दामा उनी १ लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका हुन् ।

## तीन महिनामा उच्च शिक्षा पढ्न ३२ अर्ब बाहिरियो



काठमाडौं । तीन महिनामा उच्च शिक्षाका नाममा नेपालबाट ३२ अर्ब बाहिरिएको छ । चालु आर्थिक वर्षको असोज महिनासम्म नेपाली विद्यार्थीमार्फत् उच्च शिक्षा अध्ययनका नाममा ३१ अर्ब १८ करोड रुपैयाँ बाहिरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

गत आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक अध्ययनका नाममा १ खर्ब २५ अर्ब १३ करोड रुपैयाँ बाहिरिएको थियो । नेपालबाट विदेश घुम्नका लागि बाहिरिने रकम ७.७ प्रतिशतले बढेको छ । तीन महिनामा नेपालबाट भ्रमण शीर्षकमा ५५ अर्ब ७८ करोड बाहिरिएको छ । नेपालबाट बर्सेनी हजारौं विद्यार्थीले वैदेशिक अध्ययनका लागि एनओसी लिने गरेका छन् । शिक्षा मन्त्रालयका अनुसार नेपालबाट ५६ राष्ट्रमा विद्यार्थी जाने गरेका छन् ।

पछिल्लो तथ्यांकअनुसार सबैभन्दा बढी विद्यार्थी जापान जाने गरेका छन् । त्यसपछि यूके (बेलायत), संयुक्त राज्य अमेरिका, अस्ट्रेलियालगायत ५६ राष्ट्रमा अध्ययनका लागि नेपाली विद्यार्थी जाने गरेको मन्त्रालयको तथ्यांकले देखाउँछ ।

नेपालबाट अस्ट्रेलिया, जापान, कोरिया, डेनमार्क, इजरायल, ओमान, भारत, चीन, साइप्रस, अमेरिका, क्यानडा, न्युजिल्यान्ड, रुस, थाइल्यान्ड, मंगोलिया, श्रीलंका, इजिप्ट, रसिया, दुबई, स्पेन, सिंगापुर, टर्की, फ्रान्स, बंगलादेश, फिलिपिन्स, पाकिस्तान, पोल्यान्ड, रोमानियालगायत ५६ राष्ट्रमा अध्ययनका लागि विद्यार्थीले अनुमति पत्र लिने गरेका छन् ।

## विदेशी पर्यटकबाट हुने आम्दानी भन्दा विदेशमा नेपालीको खर्च धेरै

बुटवल । विदेशी पर्यटकले नेपाल आएर गर्ने खर्चको तुलनामा नेपालीले विदेश घुमफिरमा धेरै खर्च गर्ने गरेको पाइएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८१/८२ को आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार चालु आव पहिलो तीन महिना (साउन-असोज) मा भ्रमण व्यय ५५ अर्ब ७८ करोड रुपैयाँ रहेको छ ।

यसमध्ये शिक्षामा ३२ अर्ब १८ करोड रुपैयाँ विदेशिएको हो । बाँकी रकम नेपालीले घुमफिर प्रयोजनमा विदेश लगेका हुन् । जुन २३ अर्ब ६० करोड रुपैयाँ देखिन्छ । यस अवधिमा भ्रमण आय १७ अर्ब ७२ करोड रुपैयाँ छ । अर्थात्, यो विदेशी नागरिकले नेपालमा गरेको खर्च हो ।

यस प्रकार तीन महिनामा विदेशी पर्यटकले नेपालमा गर्ने खर्चभन्दा नेपालीले विदेशमा गर्ने खर्चमाथि रहेको देखिएको छ ।

राष्ट्र बैंकका अनुसार तीन महिनामा भ्रमण आय सामान्य मात्र बढेको छ । अघिल्लो आव पहिलो तीन महिनामा भ्रमण आय १७ अर्ब १३ करोड थियो । भ्रमण व्यय भने उकालो लागेको छ ।

अघिल्लो वर्ष यसै अवधिमा भ्रमण व्यय ५१ अर्ब ८० करोड रुपैयाँमात्र थियो । जसमध्ये शिक्षामा ३२ अर्ब ९२ करोड विदेशिएको थियो । शिक्षामा विदेशिने रकम अघिल्लो आवको तुलनामा केही घटेको देखिन्छ ।

# भूमिकाविहीन बनाइए महिला सदस्य

**राधिका भुसाल**
*प्यूठान*



नेपालमा महिला अधिकारको क्षेत्रमा छोटो समयमा नै थुप्रै उल्लेखनीय उपलब्धिहरू हासिल भएजस्तो देखिन्छ । तर, अझैँसम्म महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिकलगायत सबै क्षेत्रमा पुरुषको तुलनामा पछाडि नै पारिएको छ । राज्यका सबै क्षेत्रहरूमा महिलाहरूको पहुँच र उपस्थिति तुलनात्मक रुपमा न्यून छ । संघीय संरचनापछिको स्थानीय सरकार निर्माणका लागि नेपाल संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तहमा अनिवार्य रुपमा महिलाको राजनीतिक नेतृत्वको उपस्थितिलाई कम्तीमा ३३ प्रतिशत हुनुपर्ने भनि सुनिश्चित गरेको छ । संख्यात्मक उपस्थिति देखिए पनि निर्णायक भूमिका महिला जनप्रतिनिधिले नपाएको गुनासो पोखेका छन् ।

महिला जनप्रतिनिधिहरुलाई बैठकका बेला मात्रै खोजी गरिने तर अघिपछि खासै सरसल्लाहर छलफलमा समावेश नगर्ने गरेको माण्डवी गाउँपालिका वडा नं. १ बाट निर्वाचित सुशिला घर्तीले बताउँछिन् । 'हामी निर्वाचित भएर आए पनि समग्र महिलाका लागि खासै केही कार्यक्रमहरु ल्याउन सकेका छैनौ,' कार्यपालिका सदस्य समेत रहेकी घर्तीले भनिन्-'लैगिंक हिंसा र नारी दिवसमै सीमित भएका छौं ।' निर्वाचनका बेला महिलाका लागि क्षमता, नेतृत्व विकास, आयआर्जनमा जोड्ने एजेण्डा बोकेर आएका थियौं, तर भित्र पुगेपछि बाहिर देखिए जस्तो सजिलो नहुने उनीले बताइन ।

त्यस्तै माण्डवी गाउँपालिका ४ बाट दलित महिलाबाट निर्वाचित भएकी बालिका सुनारले स्थानीय तहमा निर्वाचित वडा तहसम्म केही भूमिका रहे पनि कार्यपालिकामा महिला सदस्यले जिम्मेवारी नपाएको गुनासो गरिन । 'कानुनले हामीलाई महत्वपूर्ण अधिकार दिए पनि हामी निर्वाचित भएपछिका यो दुई वर्ष सिकाइमै बितेको छ,' उनले भनिन्-'प्रत्येक पटक बसीने कार्यपालिका बैठकमा हामीले भनेको प्रस्तावहरु २५ प्रतिशत मात्र सुनाइ हुने गर्दछ । सामाजिक विकास तिरभन्दा भौतिक विकासमै बढी जोड दिइएको छ ।' योजना छनौटमा पूर्वाधारको क्षेत्रलाई मात्र प्राथमिकतामा राखिएको उनी बताउँछिन् । उनले खानेपानी, बाटो, पोखरी र कुलो जस्ता योजना छनोट प्रत्येक पटक वडास्तरीय योजना छनोटमा यी कुराहरु दोहोरीएको बताइन । अब यो योजना मात्र छनोटमा नभई महिला एवं पछाडि पारिएका वर्गलाई आर्थिक सशक्तिकरणको पाटोमा समेट्नु पर्ने उनको भनाइ छ । पालिकामा महिला सम्बन्धि तालिम सञ्चालन भए पनि खासै उपलब्धिमूलक नहुने गरेको उनी बताउँछिन् । बाहिर हेर्दा जति सजिलो देखिएको छ भित्र त्यस्तो नहुने हुँदा सोंचेअनुरुप काम गर्न नसकेको स्वीकार्छिन् । चुनाव ताका जनतामाझ केही योजना बोकेर लैजाँदा भौतिक योजनाका कामहरु केही पूरा भएता पनि सामाजिक विकासमा कसैले चासो नदिँदा आफूले सोंचेअनुरुप कार्यक्रमहरु गर्न नसकेको सुनारले बताइन ।

त्यस्तै झिमरुक गाउँपालिका वडा नं. ७ बाट दलित समुदायको प्रतिनिधित्व गरेर निर्वाचित भएकी पुतला सुनारलाई गाउँमा के योजना आयो ? बजेट के-कस्तो छ ? भनेर सोध्नेहरू पनि प्रशस्तै छन् । तर बजेट छुट्याउने, योजना छुट्याउने ठाउँमा उनको पहुँच छैन । 'भोट माग्ने, हामीलाई योजना नदिने भनेर गुनासो त गर्छन् । तर, हामी पनि जिम्मेवारी केही पाएनौं भनेर गुनासो नै गरिरहेका छौं ।'-उनले भनिन् । योजना छनौट र बजेट निर्माणका कुनै पनि चरणमा वडामा रहेका महिला सदस्यहरूको सहभागिता नहुने गरेको उनले बताइन् । 'दलित वर्गको अधिकारका लागि यो गर्छु, त्यो गर्छु भनेर भोट मागे, तर अहिले केही पनि गर्न नसक्दा खिन्न भएकी छु,' उनले भनिन्- 'वडाध्यक्षले पनि खासै समन्वय नगर्ने र हामीले बोलेको कुरा सुनेर कार्यान्वयन गर्ने पनि कोही छैनन् ।'

झिमरुक वडा नं. १ कै महिला सदस्य यमुना घर्ती मगरको पनि गुनासो यस्तै छ । 'हामीलाई वडाको जिम्मेवारी दिइएको छैन कार्यवहाक दिन परेपनि पुरुष सदस्य नै खोज्नु हुन्छ,' उनले भनिन्-'वडामा बोलाएपछि जान्छौं, बैठकमा सहभागी भएर फर्किन्छौं ।' आफू निर्वाचित भएपछि वडामा आएको बजेटबाट ३० जना महिलाहरुलाई अचार बनाउने तालिम दिइएको उनले सुनाइन । अध्यक्षले खटाएको काम गर्ने हो । कतै कार्यक्रम भए अध्यक्षले जानुस् भनेपछि जाने हो,' उनले भनिन्-'तर अहिलेसम्म त्यस्तो अवसर नै पाएको छैन । जनप्रतिनिधिमा निर्वाचित भएपछि धेरै कुरा जानिएला, सिक्ने अवसर मिल्ला भनेको थिए अवसर नै नपाएपछि केही थाहा नहुँदो रहेछ ।'

यतावडामा महिला जनप्रतिनिधि सदस्य हुँदा काम गर्न धेरै सहज भएको झिमरुक गाउँपालिका ७ का वडा अध्यक्ष कृष्णबहादुर जि.सीले बताए । 'महिला एवं दलित जनप्रतिनिधिहरुलाई यही काम लागाउने भनेर त्यसरी निणर्य गरेर तोकिएको छैन, तर वडाध्यक्षले नभ्याउँदा घरेलु झैँ-झगडाहरुमा सहजीकरणमा पठाउने गरेको छु ,' उनले भने- 'महिला दिदीबहिनी, बालबालिकाहरुसँग जोडिनुका समस्याहरु महिला जनप्रतिनिधिले नै सहज रुपमा बुझ्नु हुन्छ ।' टोल विकास समिति गठन, योजना तर्जुमा, योजना छनौट, अनुगमनलगायतका काम समयमिलेसम्म वडा सदस्यहरु पनि सहभागी हुने गरेको उनको दाबी छ । अहिलेसम्म महिला जनप्रतिनिधिलाई कार्यबाहक नदिएको बताउँछन् । महिलाको क्षमता विकास कार्यक्रमका लागि वडाबाट ५० हजार छुट्टाएको समेत उनले जानकारी दिए ।

त्यस्तै माण्डवी गाउँपालिका ३ का वडा सदस्य ऋषी अधिकारीले वडाका हरेक गतिविधि आफू सहभागी हुने गरेको उनी बताउँछन् । 'वडा सदस्य भइसकेपछि मेरो सहभागितामा वडाभित्रका १३ वटा बस्तीमा टोल विकास समिति गठन गरेका छौं,' वडा सदस्य अधिकारीले भने-'हाम्रो भुगोलमा पर्ने सात वटा समितिलाई वडाका गतिविधि बारे समन्वय गर्ने जिम्मेवारी पाएको छु ।' योजना तर्जुमा क्रममा योजना छनौट, निर्माण उपभोक्ता समिति गठन, योजना अनुगमनलगायतका अन्य गतिविधिमा १३ वटै टोलविकास समितिमा उपस्थित हुने गरेको उनले बताए । वडा अध्यक्षले हरेक कुरामा आफूसँग समन्वय गर्ने गरेको उनको भनाइ छ ।

**महिलालाई अधिकारसम्पन्न बनाउनै पर्छ**

पुरुष प्रधान समाजमा आफूले नमाग्दै केही नमिल्ने हुँदा नेपालको सविंधान २०७२ लाई राम्रोसँग अध्ययन गरेर त्यसमा लेखिएका काम, कर्तव्य र अधिकार आफैँले मागेर स्थान बनाउने पर्ने महिला अधिकारकर्मी सुन्दरा केसीले बताइन । 'राज्यले पनि महिललाई आत्मनिर्भर बन्ने खालका सीपहरु सिकाउनु पर्छ,' उनले भनिन्-'स्वयम् हामी महिलाहरु पनि अलि चनाखो भएर राजनैतिक, सामाजिक, शैक्षिक, सांस्कृतिकलगायत सबै क्षेत्रमा क्षमता अभिवृद्धि गर्न जरुरी छ ।' घरदेखि परसम्मको जिम्मेवारी सम्हालेका महिलालाई ३३ प्रतिशत पाएकै छन् भन्नु भन्दा पनि सबैले हातेमालो गर्दै समान पहुँच र अवसर सिर्जना गर्नु पर्ने उनले बताइन ।

» बाँकी ३ पेजमा

## उखुको न्यूनमत समर्थन मूल्य तोक्न माग



**केशव पराजुली**
*नवलपरासी*

पश्चिम नवलपरासीका उखु किसानले उखुको न्यूनतम समर्थन मूल्य तोक्न सरकारसँग माग गरेका छन् । नगदे बालीको रुपमा रहेको उखु क्रसिङ्गको सिजन सुरु भइसक्दा समेत उखुको समर्थन मूल्य निर्धारण गर्न सरकारले ढिलाइ गरेको प्रति किसानहरूले असन्तुष्टि व्यक्त गरेका छन् ।

समयमै उखुको समर्थन मूल्य तोके किसानहरूले उद्योगलाई उखु बिक्री गर्न सहज हुने किसानहरूको भनाइ रहेको छ । नगदे बालीको रूपमा रहेको उखुको उत्पादन लागत र चिनीको वर्तमान बजार मागको आधारमा सर्मथन मूल्य तोक्न उखु उत्पादक कृषक समितिले माग गरेको छ । किसानहरूले उखु काट्न सुरु गरिसकेकाले सरकारले तत्काल मूल्य निर्धारण गर्नुपर्नेमा उखु उत्पादक कृषक समिति नवलपरासीले जोड दिएको छ ।

जिल्लामा रहेका चिनी उद्योगहरूले मिल सञ्चालन गर्न सुरु गरेकाले तत्काल उखुको मूल्य तोक्नु आवश्यक रहेको समितिको भनाइ छ । सरकारले उखुको न्यूनतम सर्मथन मूल्य तोक्न सधैँ आलटाल र ढिलाइ गरेको छ । नवलपरासीमा यस वर्ष २० देखि २५ लाख क्वीन्टल उखु उत्पादन भएको अनुमान छ । बिगतका वर्षहरूमा जिल्लाका चिनी मिलहरुले उखु बिक्रीबापतको भुक्तानी समयमा नगरेका कारण किसानहरूले उखुको विकल्पमा केरा, कदाम बेसारलगायतका अन्य बाली लगाउन थालेपछि उखुको उत्पादन घटेको हो ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# अराजकताको आगो

सामाजिक सञ्जालको मनपरी प्रयोगले अहिले समाजमा अराजकता बढेको छ । कसैलाई प्रमाणहिन आरोप लगाउने र त्यही आरोपको विश्वासमा धारणा बनाइँदा समाजमा भ्रम धेरै बढेको छ । त्यही भ्रमले समाजमा अराजकता मौलाउँदै गएको छ। समाजमा मौलाएको अराजकताले देशलाई बर्बादीतिर लैजाने जोखिम बढेको छ।

प्रधानमन्त्री केपी ओलीलगायतलाई तथ्यहिन आरोप लगाइरहेका दुर्गा प्रसाईंले गलत प्रचार गरेर समाजमा अराजकताको आगो झोसिरहेका छन् । प्रसाईंले प्रधानमन्त्री ओलीले कम्बोडियामा करोडौं लगानी गरेको प्रचार गर्दै आएका छन् । आफूसँग प्रमाण रहेको बताउँदै आएका प्रसाईंको प्रमाणको आधिकारिता केही छैन। प्रहरीले केही समयअघि विद्युतीय कारोबार ऐनअन्तर्गत पक्राउ गरी कानुनी दायरामा ल्याएको थियो। अहिले पुनः उनी पक्राउ परेका छन् । उनलाई प्रहरीले साइबर अपराध ऐनअन्तर्गत अनुसन्धान अघि बढाइरहेको छ । उनलाई मानहानी, किर्तेलगायतमा पनि अनुसन्धान गर्ने प्रहरीको तयारी छ।

प्रसाईं मात्रै होइनन्, सामाजिक सञ्जालमा अभियन्ता भन्न रुचाउने पूर्व सचिव भीम उपाध्यायले अरुकाविरुद्ध मनपरी पोष्ट गर्ने र टिप्पणी गर्दै आएका छन् । समाजमा नाम चलेका अनुहार र पात्र नै अरुको चरित्रहत्या गरेर समाजमा वितृष्णा र नकारात्मक मनोविज्ञान तयार गरेका छन् । अहिले समाजमा चौतर्फी निराशा छ, यो बेला समाजमा अविश्वास र आशंका चुलिएको छ। यस्तो बेला जिम्मेवार नागरिकले अविश्वासलाई विश्वासमा बदलेर समाजको निराशालाई बदल्ने हो । निराशाले समाजलाई सही दिशामा लैजाँदैन् । सरकार र राजनैतिक दललाई कमजोर बनाउने 'मिशन' अनुसार चालिएका कदम पटक्कै स्वाभाविक होइनन् ।

सामाजिक सञ्जालको गलत प्रयोगले निम्त्याएको जोखिमलाई सामान्य ढंगले लिनु हुँदैन । यसले जातीय सद्भाव खल्बलाउन सक्छ, सामाजिक सद्भाव बिर्गान सक्छ । सहिष्णुता र मेलमिलापको वातावरण बिर्गान सक्छ । आपसी सद्भावको वातावरण कायम गर्न सामाजिक सञ्जालको सही प्रयोग सहयोगी बन्न सक्छ ।

सामाजिक सञ्जाललाई भ्रमको सञ्जाल बनाउनेहरु कानुनी दायरामा ल्याइनु स्वाभाविक छ । यो सामाजिक सञ्जाललाई नियमन गर्न कमजोर कानुनले अब संभव छैन। बदलिंदो परिवेशमा सञ्जालको नियमन गर्न कानुनमा सुधार गर्न जति आवश्यक छ, प्रहरीको साइबर ब्यूरोलाई साधनस्रोत सम्पन्न बनाउन उत्तिकै आवश्यक छ।

# राज्यपक्षबाट पीडाको सिकार हुनुपर्ने अवस्था नआओस्



शंकरनाथ काफ्ले

पछिल्लो राजनीतिक अवस्थालाई नियालेर हेर्ने हो भने नेताहरु जनताप्रति उत्तरदायी भएर अघि बढ्नुमा भन्दा विपक्षी र विरोधीहरुको कसरी तेजोवध गराउन सकिन्छ भन्ने जोखाना नै हेरेर बसिरहेका छन् कि जस्तो देखिन्छ । सरकारमा जानु भनेको मुलुक र जनताको अधिकतम भलो कसरी गर्न सकिन्छ भन्ने सोचेर सबैको मन जित्ने गरी कार्य गर्नुपर्ने हो तर जो सरकारमा जान्छ उसले जनताको चाहना र भावनाअनुसार के-के काम गर्नुपर्दछ भनेर कार्ययोजना बनाउनुमा भन्दा को-को आफ्ना विरोधीहरु हुन्, कस-कसले आफ्नो विरोध गर्दै छ, भोलिका दिनमा कस-कसले आफूलाई अप्ठ्यारोमा पार्न सक्छ ? भन्नेजस्ता पात्रहरुको खोजी गर्दै त्यसको भएका-नभएका कुण्डलीहरु खोतलेर मानमर्दन गर्ने प्रयास गरिरहेको नै पाइन्छ। पछिल्ला दुई-तीनवटा सरकारका व्यवहारलाई हेरियो भने पनि यी तथ्यहरु पुष्टि हुँदै आइरहेका छन् । एउटा सरकार बन्छ, अर्कोलाई कसरी समाप्त पार्ने भन्ने दाउ सुरु हुन्छ।

सरकारको समर्थक भएर बसेको अवस्थामा जो जस्तोसुकै व्यक्ति पनि असल र महान् हुने र त्यही व्यक्ति विपक्षीमा पुगे भने त्यसलाई कसरी समाप्त पार्ने भनेर उपाय खोजिरहेका हुन्छन् । हामीले वर्तमान संसद्कै २ बर्से कार्यकालमा विभिन्न नाटकहरु मञ्चन भएका देख्यौँ । शुरुमा प्रचण्डको नेतृत्वमा एमालेसहितको सरकार बन्यो । उक्त सरकारको गठनपछि नेपाली कांग्रेसले प्रचण्डको उछितो काढ्ने कार्य गरे।

उनीहरुको बोली र टिप्पणी हेर्दा अब कहिल्यै पनि माओवादीसँग कार्यगत एकता हुँदैन भन्ने लाग्थ्यो, एकाएक प्रचण्डले एमालेलाई छाडेर कांग्रेसको सहयोगमा आफ्नो सरकारलाई निरन्तरता दिन पुगे । प्रचण्डले आफ्नो साथ छाड्नासाथ एमालेले प्रचण्डलाई भन्नुसम्म भने । समय यस्तो आएको थियो कि अब जीवनमा कहिल्यै माओवादी र एमाले मिलेर सरकार बनाउने छैनन् भन्ने । ती समयमा नेताहरुको मुखबाट निस्केका बोलीका वाणहरु जनताले आफ्नो शत्रुलाई पनि प्रयोग गर्न नसक्ने खालका हुन्थ्ये । तर आश्चर्य, प्रचण्डले फेरि कांग्रेसको साथ छाडेर एमालेको सहयोगमा सरकारलाई निरन्तरता दिन पुगे। जनता नेताहरुको चरित्र देखेर आजित भइरहेका थिए।

यसबाट के पुष्टि हुन पुग्यो भने नेताहरुले एकले अर्कोलाई गरेको गालीगलौज, लगाएका आरोप मात्र नाटक हुन् । हुँदाहुँदै सधैँ एक-अर्कोको प्रमुख प्रतिद्वन्द्वीका रुपमा रहेका नेपाली कांग्रेस र एमाले नाटकीय ढंगबाट बाँकी कार्यकाल मिलेर सरकार बनाउने भनेर मिल्न पुगे। ठूला दुई दलहरु मिलेर समृद्धिको खाका कोर्ने मार्गमा अघि बढेको भए जनता उत्साहित नै हुने थिए । तर उनीहरुको मुख्य एजेन्डा भनेको साना दलहरुमाथि कुन ढंगबाट आक्रमण गर्ने भन्ने तानाबाना बुन्दैमा बितिरहेको छ आजको दिनसम्म।

यसबाट के स्पष्ट हुन्छ भने, नेताले भनेको कुनै पनि कुरा दिगो र भरपर्दो हुँदैन, के भनेर चर्चामा आउन सकिन्छ त्यही अभिव्यक्ति दिने गर्दा रहेछन् । साना दल वा नयाँ दलका नेताहरुले पनि ठूला दलका नेताहरुलाई तुच्छ गाली गर्ने सिलसिला रोकिएको छैन, अझै बढ्दै गएको पाइन्छ। भन्ने नै हो भने आजको दिनमा कांग्रेस सभापति शेरबहादुरजीले मात्र कसैलाई गालीको शब्द प्रयोग गरिरहनुभएको छैन, प्रधानमन्त्रीलाई पनि राम्रै देखिरहनुभएको छ । नत्र एकले अर्कोलाई नराम्रो मात्र देख्ने हाम्रो राजनीतिक संस्कार नै बनिसकेको छ।

अघिल्लो सरकारमा रास्वपा सभापति रवि लामिछाने उपप्रधान तथा गृहमन्त्री हुनुहुन्थ्यो। उहाँले सधैँ ठूला दलले गरेको बेथिति र विसंगतिका फाइलहरु खोल्ने भनेर प्रत्यक्ष चुनौती दिइरहनुभएको थियो । उहाँले सरकारमा रहँदा आफूले उद्घोष गरेअनुसार किन फाइलहरु खोल्न सक्नुभएन भन्ने विषय छुट्टै चर्चाको विषय बन्ला तर आज नयाँ बनेको सरकारले भने उहाँको फाइल खोल्ने कार्य गरेको छ।

उहाँविरुद्धको त्यो फाइल न्यायको लागि खोलिएको हो वा राजनीतिक प्रतिशोधको लागि हो भन्ने विषय भोलिका दिनहरुमा स्पष्ट होला तर आज हेर्दा न्यायको लागि भन्दा प्रतिशोधको लागि नै फाइल खोलिएको हो कि भन्ने पनि देखिएको छ। रवि वा रास्वपाको वेगले अघिल्लो निर्वाचनमा ठूला राजनीतिक दलहरुलाई नराम्रोसँग झस्काएको थियो । ८४ मा हुने निर्वाचनमा त्यो वेग अझ बढ्ला र राजनीतिमा नयाँ तरंग आई कैयौँ नेताहरुलाई सदाको लागि राजनीतिक विश्राम लिन बाध्य बनाउला भन्ने त्रास ठूला राजनीतिक दलहरुमा अवश्य छ।

यसकारण हामी स्थायी प्रतिद्वन्द्वी भए पनि हामी भविष्यमा फेरि प्रतिस्पर्धा गर्दै गरौँला तर अहिलेलाई खिल निकाल्ने काँडाहरुलाई नै मिलेर समाप्त गरौँ भन्ने रणनीतिले ठूला दलहरुको कार्यगत एकता भएकोझैँ देखिन्छ। तसर्थ पहिलो चरणमा रविहरु र दोस्रो चरणमा बालेनहरुलाई आक्रमण गर्ने अभियानमा जुटेको जस्तो पाइन्छ।

यदि यसो नहुँदो हो त न्यायिक प्रक्रियालाई चुस्त बनाएर जनतामा उब्जेको भ्रमलाई सरकारले समाधान गर्नेतर्फ प्राथमिकता दिइसकेको हुन्थ्यो। आज अनुसन्धानको नाममा संसद्को चौथो ठूलो शक्ति अर्थात् आफूलाई वैकल्पिक शक्ति भन्ने पार्टीका नेतालाई पटक-पटक मात्र होइन पटक-पटकको शृंखलामा म्याद थप गरेर हुर्मत लिने कार्य गर्दैनथे।

रविले अपराध गरेको हो वा होइन, त्यो त प्रमाणको आधारमा अदालतले पुष्टि गर्ने नै छ। संविधान र कानुनको पालना गर्नु नागरिकको कर्तव्य हो । आज अनुसन्धानको नाममा महिनौं एउटा व्यक्तिलाई हिरासतमा राखेर उसलाई मानसिकरुपमा थिलथिलो बनाउँदै गर्दा भोलि निर्दोष ठहरियो भने त्यसको क्षतिपूर्ति कसले बहन गर्दछ ? यहाँ प्रश्न रविको मात्र होइन एउटा सामान्य मानिस, उसको विरुद्धमा कसैले कपोलकल्पित उजुरी हालिदियो, उजुरीको आधारमा उसलाई प्रहरी हिरासतमा राखियो, उसलाई मानसिक यातना दिइयो भने त्यति बेलासम्म त्यो व्यक्तिको सामाजिक मान, मर्यादा, प्रतिष्ठा सबै लिलाम भैसकेको हुन्छ।

हाम्रो समाजले व्यक्तिलाई पुर्पक्षको लागि थुनामा राख्यो भनेर सोच्दैन, ऊ अपराधी रहेछ भनेर सोच्छ । त्यसपछि उसको घरपरिवार सबैले विभिन्न खाले तनावको सामाना गर्नुपर्ने हुन्छ। पछि प्रमाणले उसलाई निर्दोष भन्ला। ऊ छुट्ला पनि । ऊ फर्किएर समाजमा आइसकेपछि के उसको गुमेको इज्जत फेरि पुनर्स्थापना हुन्छ ? के उसले आफूलाई पहिलेको जस्तो कर्मठ बनेर आफ्नो जिम्मेवारीहरु कुसलतापूर्वक सम्पादन गर्न सक्छ ? कदापि सक्दैन।

त्यो र त्यस्ता व्यक्तिको त्यो स्वतन्त्राको भरपाई राज्यले कसरी दिन्छ ? 'नहुनु थियो भयो', भनेर आफ्नो कमजोरीलाई हल्का पाराले लिइन्छ, जसको कारण कैयौँ निर्दोष व्यक्तिहरुले आत्महत्यासम्म गर्न पुगेका घटनाहरु यत्रतत्र सुन्ने गरिएको छ । तसर्थ यस्ता कुरामा ध्यान दिएर अनुसन्धानको मोडललाई परिवर्तन गर्नुपर्ने बेला आएको छ। राज्यले कुनै पनि व्यक्तिको कुनै पनि बहानामा मानवअधिकारको हनन नहोस् भन्ने कुरामा दृढ हुनुपर्दछ।

सभ्य मुलुक त्यसलाई मानिन्छ, जसले मानवअधिकारको उच्च सम्मान गर्दछ । मानवअधिकार प्रत्येक व्यक्तिको अधिकारसँग जोडिएको विषय हो । मानवअधिकारको सफल कार्यान्वयन गर्ने मुलुक वा समाजमा सरकार मात्र होइन नागरिक पनि जिम्मेवार हुने गर्दछन् । के बोल्ने, के नबोल्ने, के भन्ने, के नभन्ने ? भन्ने विषयमा नागरिकहरु सजग हुने गर्दछन् । सामान्य शब्दमा बुझ्नुपर्दा मानवअधिकारलाई सम्मान गर्नेहरुले विरोधीलाई पनि शिष्ट र सभ्य भाषाले आलोचना गर्ने गर्दछन् । गालीगलौज र विरोधीको मानमर्दन गर्नुपर्दा पनि मानिसहरु आत्मग्लानिको अनुभूति गर्ने गर्दछन्।

यस्तै अभ्यास राज्यले पनि गर्ने गर्दछ । यसकारण मानवअधिकार प्रत्याभूत भएको मुलुकमा पीडितले मात्र होइन स्वयं अपराधीहरुले समेत आफ्नो सामाजिक सुरक्षाको अनुभव गरिरहेका हुन्छन्। नेतृत्वले बोल्ने शैली र गर्ने व्यवहारको सिको नागरिकले गरिरहेका हुन्छन् । आज हामीले हाम्रा नेताहरुलाई कस्ता-कस्ता उपमाहरु प्रदान गरिरहेका छौं । भोलिको दिनमा प्रधानमन्त्री बन्न सक्ने सम्भावना भएका नेपाली कांग्रेसका महामन्त्रीलाई गर्ने गरेको गाली, अन्य नेताहरुलाई भन्ने गरेको कुरा, लगाउने गरेको कपोलकल्पित लान्छनाहरु यति तुच्छ छन् कि कुनै दिन उहाँहरु राज्य सञ्चालनको जिम्मेवारीमा पुग्दा मानिसले शुरुमै घृणा र अविश्वासको भावनाले हेर्ने गर्दछन्।

भरखर मात्रै पूर्व-मुख्यसचिव निर्दोष प्रमाणित हुनुभयो, हिजो प्रधानन्यायाधीशहरुलाई शृंखलाबद्धरुपमा महाअभियोगको डण्डाले हानियो, न प्रमाणित गर्न सकियो। तर राज्यले लहड र प्रतिशोधको आधारमा त्यस्ता व्यक्तिहरुको जीवनमाथि खेलबाड गऱ्यो।

न पीडितले न्याय पाए, न पीडा दिनेले कुनै क्षतिपूर्ति व्यहोरे । के यही हो हाम्रो संविधानले प्रदान गरेको नागरिकको हक ? विपक्षी वा विरोधीलाई देख्दा वा उनीहरुको व्यवहारलाई हेर्दा रिस उठ्ला तर जिम्मेवार व्यक्तिहरुले सार्वजनिक स्थलमा बोल्ने भाषा शिष्ट हुनै पर्दछ । अशिष्ट भाषाको प्रयोगले समाजमा द्वन्द्व मात्र बढ्ने गर्दछ। द्वन्द्वले कसैको हित गर्दैन। नेताहरुको भाषा सभ्य भयो भने नागरिकको भाषा पनि सभ्य हुन्छ। आज सामाजिक सञ्जालमा हचुवाको भरमा जुन अभद्र शब्दहरु प्रयोग भइरहेका छन् र ती अभद्रता अझ बढ्दै जाने अवस्थामा रहेकोले त्यसलाई सभ्य बनाउन शुरुमा नेताहरुले नै आफ्नो बोली र व्यवहारमा संयमता अपनाउनुपर्दछ।

नेपालको संविधानले मानवअधिकारको विषयलाई महत्वका साथ सम्मान गरेको नै पाइन्छ। संविधानको धारा २५ मा राष्ट्रिय मानवअधिकार आयोगको सम्बन्धमा विशेष व्यवस्था गरेको मात्र नभई संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यको व्यवस्था गरी मानवको मानवअधिकारको सम्बन्धमा राज्य गम्भीर बन्ने संकल्पसमेत बोकेको मान्न सकिन्छ। संविधानको धारा १६ ले व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको छ।

व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक कार्यान्वयनको लागि राज्य पक्ष भने कति जिम्मेवार छ भन्ने कुराको अध्ययन हुनु आवश्यक हुन्छ। हामी बहुदलीय प्रजातान्त्रिक अभ्यास अवलम्बन गर्दै आइरहेका छौँ । यो व्यवस्थामा राजनीतिक दलहरु बलियो बनेर सरकारमा पुग्ने उपाय खोजिरहेका हुन्छन्। राजनीतिक दल बलियो बन्नको लागि कि त जनताको मन जित्ने गरेर कार्य गर्न सक्नुपर्दछ कि त विपक्षीलाई उठ्न नदिने गरेर विभिन्न तानाबाना बुन्न सक्नुपर्दछ।

संविधानको धारा २० ले न्यायसम्बन्धी हक प्रदान गरेको छ, जसको उपधारा १ मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिनेछैन भनेर स्पष्ट व्यवस्था गरेको छ। त्यस्तै उपधारा ३ मा पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ। आशंकाको भरमा मात्र व्यक्तिलाई गिरफ्तार गर्दा पछि निर्दोष ठहरियो भने उक्त व्यक्तिको लागि राज्य पीडक ठहरिनेछ। राज्य पीडक भयो भने व्यक्ति कि त आत्महत्या गर्दछ, कि त विद्रोही, कि त आतंककारी हुने गर्दछ। तसर्थ राज्यको जिम्मेवारी हो- व्यक्तिको अधिकारको रक्षा गर्ने।

दश अपराधी छुटून् तर एक निर्दोषले सजाय नपाओस् भन्ने सिद्धान्तलाई राज्यले महत्वका साथ हेर्नुपर्दछ। कुनै व्यक्तिको विरुद्धमा उजुरी परेको छ भने त्यसको सूक्ष्म अनुसन्धान गरेर दोषी नै ठहरिनेजस्तो भयो भने पक्राउ गरी तत्काल अदालतमा उपस्थित गराउनुपर्दछ र अदालतले पनि छिटोभन्दा छिटो न्यायिक प्रक्रियालाई अघि बढाउनुपर्ने हुन्छ। कानुनका विभिन्न तानाबानाहरु बुनेर व्यक्तिलाई मानसिक पीडा दिनुहुँदैन।

संविधानले तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुनेछैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय दिइनेछैन भनी व्यवस्था गरेको छ। यहाँ तहकिकातको लागि थुनामा बस्नुपर्ने वा थुनामा राख्ने कार्यलाई सजाय मान्ने कि नमान्ने ? भन्ने प्रश्न उठ्छ। कैदी सर्वेक्षण गर्दा उनीहरुले दोषी करार भएर कैदी जीवन बिताउनुभन्दा तहकिकातको लागि थुनामा बस्नुपर्दाको पीडा भयावह हुने गरेको बताउने गर्दछन्।

कसुर प्रमाणित नभएसम्म कसुरदार मानिनेछैन भनी संविधानमा व्यवस्था गरिएको छ तर आजको हाम्रो अभ्यासले पक्राउमा पर्नुलाई नै कसुरदार मान्ने गरेको छ। तसर्थ फौजदारी न्यायको सिद्धान्तलाई मानवअधिकारसँग जोडेर अभियोजन, अनुसन्धान र पुर्पक्षको विद्यमान कैयौँ कार्यविधिलाई परिमार्जन गर्नुपर्ने बेला आएको छ। अन्यथा भविष्यमा राजनीतिक प्रतिस्पर्धा, सामाजिक दुस्मनी, छाडा प्रवृत्ति, अहंवाद, पूर्वाग्रही भावनालगायतका कारणले हजारौँ व्यक्ति स्वयं राज्यपक्षबाट हिंसा र पीडाको सिकार हुनुपर्ने अवस्था दोहोरिरहनेछ।

(लेखक काफ्ले अधिवक्ता हुनुहुन्छ।) समाचारपत्रबाट

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार उच्च अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक ५१ दशमलव ११ अङ्कले घटेर दुई हजार सात सय दुई दशमलव ६५ को विन्दुमा कायम भएको हो। यो एक दशमलव ८५ प्रतिशतको गिरावट हो।

तीन सय १० कम्पनीको दुई करोड २५ लाख ८८ हजार दुई सय ४७ कित्ता शेयर एक लाख पाँच हजार आठ सय २७ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ४६ करोड ८३ लाख २० हजार पाँच सय २१ बराबरको कारोबार भएको छ। सबैभन्दा धेरै होटल तथा पर्यटन समूह तीन दशमलव १७ र जलविद्युत् समूह तीन दशमलव ०७ प्रतिशतले घटेको छ।

बैंकिङ एक दशमलव ११, विकास बैंक दुई दशमलव २९, वित्त दुई दशमलव ३१, लगानी दुई दशमलव ०८, जीवन बिमा एक दशमलव ९४ र उत्पादन तथा प्रशोधन एक दशमलव ४८ प्रतिशतले घटेको छ।

लघुवित्त समूह एक दशमलव ५०, म्युचुअल फन्ड शून्य दशमलव १५, निर्जीवन बिमा एक दशमलव ६९, व्यापार दुई दशमलव २१ र अन्य समूह एक दशमलव ५८ प्रतिशतले घटेको छ। आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा ङादी ग्रुप पावर लिमिटेडको नौ दशमलव २५ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा ङादी ग्रुप पावर लिमिटेडको सबैभन्दा उच्च देखिएको छ। यो कम्पनीको रु ४६ करोड ६८ लाख ९९ हजार आठ सय पाँच बराबरको आठ लाख ८८ हजार तीन सय १९ कित्ता शेयर किनबेच भएको छ।

# आलु र धान जोन सञ्चालन समन्वय समिति गठन




भैरहवा । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाइ, रूपन्देहीअन्तर्गत रूपन्देहीमा सञ्चालन भएको आलु जोनको आलु जोन सञ्चालन समन्वय समिति तथा नवलपरासी पश्चिममा सञ्चालित धान जोनको धान जोन सञ्चालन समन्वय समिति गठन गरिएको छ। २०८१ मंसिर ४ गते भैरहवा तथा परासीमा एक कार्यक्रमको आयोजना गरी समिति गठन गरिएको हो।

कार्यक्रमका अध्यक्ष नारायण काफ्ले, वरिष्ठ कृषि अधिकृत, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रूपन्देही भैरहवामा भएको कार्यक्रममा प्रमुख अतिथि कृषि ज्ञान केन्द्र रूपन्देहीका प्रमुख शिव अर्याल तथा विशेष अतिथिको रूपमा क्वारेन्टिन कार्यालय भैरहवाका प्रमुख श्री शालिकराम पौडेल रहेका थिए। परासीमा भएको कार्यक्रममा प्रमुख अतिथि कृषि ज्ञान केन्द्र, नवलपरासी पश्चिमका प्रमुख डा.रविन्द्रनाथ चौबे रहेका थिए।

आलु जोन सञ्चालन समन्वय समिति गठन कार्यक्रममा रुपन्देहीमा आलु जोन कार्यक्रम कार्यान्वयन भएका ७ वटा स्थानीय तहका विभिन्न वडाहरुमा रहेका कृषि सहकारी संस्था तथा कृषक समूहबाट प्रतिनिधि छनौट भइ समिति गठनको लागि आएका थिए। कार्यक्रममा शुद्धोधन गा.पा-५ मा रहेको महाकल्प कृषि सहकारी संस्थाका अध्यक्ष चिन्तामणि खरेलको संयोजकत्वमा ३ महिला सदस्यसहित ९ सदस्य समिति चयन गरेको छ।

त्यस्तै गरी धान जोन सञ्चालन समन्वय समिति गठन कार्यक्रममा नवलपरासी पश्चिममा धान जोन कार्यक्रम कार्यान्वयन भएका २ वटा स्थानीय तहका विभिन्न वडाहरुमा रहेका कृषि सहकारी संस्था तथा कृषक समूहबाट प्रतिनिधि छनौट भई समिति गठनको लागि आएका थिए। कार्यक्रममा सुनवल नगरपालिका-२ मा रहेको समावेशी कृषि सहकारी संस्थाका अध्यक्ष धनमाया गौतम क्षेत्रीको संयोजकत्वमा ४ महिला सदस्यसहित ९ सदस्य समिति चयन गरेको छ। आलु जोन सञ्चालन समन्वय समितको संयोजक रुपमा चयन भएका चिन्तामणि खरेलले जोन कार्यक्रमलाई सफल बनाउन लागि सबै सदस्यहरुसँग समन्वय गरी कार्य गर्ने प्रतिबद्धता जनाए। त्यस्तै धान जोन सञ्चालन समन्वय समितिमा चयन भएकी धनमाया गौतम क्षेत्रीले धान जोन कार्यक्रमलाई उत्कृष्ट जोनको रुपमा विकास गर्न सबै सरोकारवालासँग समन्वय गरी कार्यालयलाई पूर्णरुपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेकी थिइन।

दूबै कार्यक्रममा अध्यक्षता गरेका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रूपन्देहीका प्रमुख नारायण काफ्लेले नयाँ चयन भएका आलु जोन तथा धान जोन सञ्चालन समन्वय समितिका संयोजक तथा सदस्यहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै समितिले जोन क्षेत्र कार्यक्रम सञ्चालन गर्न महत्वपूर्ण योगदान गर्न सक्ने भएकाले सबै सदस्यहरु एकताबद्ध भएर उन्नत प्रविधिहरु अवलम्बन गर्न तथा विभिन्न समस्याहरुको समयमै समाधान गर्न अग्रसर भएर लाग्न सुझाव प्रदान गरी कार्यक्रमको समापन गरेका थिए।

# चौथो रामपुर महोत्सव, कृषि प्रदर्शनी एवं व्यापार मेला हुने

**बासुदेव ढकाल**

*रामपुर पाल्पा*

पाल्पाको रामपुरमा चौथो रामपुर महोत्सव, कृषि प्रदर्शनी एवं व्यापार मेला आगामी माघको दोस्रो सातादेखि हुने भएको छ । रामपुर उद्योग वाणिज्य संघ रामपुर पाल्पाको आयोजनामा आउदो माघ १५ देखि २७ गतेसम्म रामपुरमा मेला सञ्चालन गर्ने संघले पत्रकार सम्मेलन गरी जानकारी गराएको छ ।

रामपुर उद्योग वाणिज्य संघको कार्यसमितिको बसेको बैठकले निर्णय गरी पत्रकार सम्मेलनमार्फत् महोत्सवको मिति सार्वजनिक गरेको हो । रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालले मिति सार्वजनिक गर्दै यस पटकको महोत्सव रामपुर क्षेत्रमा ठूला लगानी कसरी भित्र्याउन सकिन्छ भन्नेमा केन्द्रित रहने बताए । उद्योग तथा व्यवसायलाई थप चलायमान गराउनुका साथै कालीगण्डकी उपत्यकाको पर्यटन प्रवर्द्धन, संघको निर्माणाधिन भवनलाई पूर्णता, घरेलु तथा कुटिर उद्योग र कृषिको उत्थान, यहाँ रहेका कला संस्कृतिको पनि जगेर्ना गर्ने उद्देश्य रहेको बताए ।

'विगतको पहिलो र दोस्रो महोत्सवको माध्यमबाट रामपुर क्षेत्रलाई चिनाउन सफल भयौं । दोस्रो महोत्सवमा कोरोना महामारीले प्रभावित बनाएको उद्योग व्यवसायलाई थप चलायमान गराउने लक्ष्य लिएर महोत्सव सम्पन्न गर्यौं । चौथो संस्करणलाई हामीले कसरी ठूला लगानी भित्र्याउन सकिन्छ भन्नेमा केन्द्रित गर्ने छौं ।'-उनले भने । महोत्सवमा लगानी कर्ताहरुलाई सहभागी गराएर रामपुर क्षेत्रको



बारेमा जानकारी दिनको लागि प्रयत्नशिल रहने उनले बताए । संघले रामपुर नगरपालिकालगायत कालीगण्डकी बेशी क्षेत्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरुको व्यापक प्रचारप्रसार गर्ने, यहाँका कला र सांस्कृतिकलाई विश्वमाझ चिनाउने, कृषि जन्य उत्पादनको बजारीकरण गर्ने लक्ष्य लिएको छ ।

१३ दिनसम्म सञ्चालन हुने मेलालाई थप व्यवस्थित र भव्य रुपमा सम्पन्न गर्न साढे दुई महिना अगावै मिति घोषणा गरेर तयारी थालिएको आयोजकले जानकारी गराएको छ । संघका वरिष्ठ उपाध्यक्ष रुद्र नारायण श्रेष्ठले अघिको तीन वटा महोत्सवले रामपुरसँगै कालीगण्डकी उपत्यकालाई चिनाउन महत्वपूर्ण योगदान दिएको अवगत गराउँदै यहाँको व्यवसायलाई थप चलायमान गराउन मेलाको आयोजना गरिएको बताए ।

नेपाल पत्रकार महासंघ पाल्पाका सदस्य दुर्गेश मल्लले रामपुर महोत्सव सिङ्गो कालीगण्डकी वेशी क्षेत्रको महोत्सव भएकाले मेला सफल बनाउन सञ्चारकमीहरुको पूर्ण साथ र सहयोग रहने प्रतिबद्धता जनाए ।

पत्रकार सम्मेलनमा पत्रकार दानु हिस्की मगर, रमा भण्डारी, प्रकाश ज्ञावली र इमान सिं रानालगायतले आफ्ना सुझावसहितका जिज्ञाषा राखेका थिए ।

संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालको अध्यक्षतामा भएको कार्यक्रम वरिष्ठ उपाध्यक्ष रुद्रनारायण श्रेष्ठको स्वागतबाट सुरु भएको थियो । संघको सभाहलमा भएको कार्यक्रमको सञ्चालन महासचिव खिमबहादुर क्षेत्री पुरुषोत्तमले गरेका थिए ।

---

## भूमिकाविहीन...

स्वर्गद्वारी क्याम्पस प्यूठानका पूर्व क्याम्पस प्रमुख एवं लेखक मोहन गिरीले महिला जनप्रतिनिधिले स्वतन्त्रतापूर्वक काम गर्न कठिनाइ भोग्नु परेको अनुभव सुनाउँछन् । 'महिलाहरूले जुन पद र जिम्मेवारी पाए त्यो सबै उनीहरूको सङ्घर्षले गर्दा पाएका हुन्,' उनले भने-'पुरुष जनप्रतिनिधिले अब लिखितमा सहभागिता गराउने तर सक्रिय सहभागिता नगराउने परिपाटी रोक्नुपर्छ ।

अहिले पनि पुरुषको दाजोमा काम गर्न सक्दैन भन्ने मनोविज्ञान पुरुषहरुमा हाबी छ । यो हटाउनुपर्छ ।'

महिला जनप्रतिनिधिले पुरुषको तुलनामा बढी चुनौतीहरू भोग्नु पर्ने मुख्य कारण लैङ्गिक विभेद भए पनि त्यसबाहेक अन्य सामाजिक तथा राजनीतिक कारणहरू पनि रहेको पूर्व क्याम्पस प्रमुख गिरीले बताउँछन् ।

'महिला इमान्दरी छन्, नियम कानुनको पनि इमान्दरीताका साथ पालना गर्छन्' थप्दै उनी भन्छन्-'उदाहरणका लागि जति पुरुषहरु भ्रष्टाचारमा संलग्न छन्, महिलाको सलंग्नता धेरै कम देखिन्छ ।' अब महिला अचारणलाई पुरुषले अवलम्बन गर्न जरुरी रहेको उनले बताए । हाम्रो समाजमा पुरुष र पुरुष प्रधान सोंच हाबी हुनु महिलाको लागि बाधक रहेको उनको भनाइ छ ।

## उखुको...

गत वर्षको तुलनामा यस वर्ष उत्पादन वृद्धि भएको अनुमान छ । जिल्लामा चार वटा चिनी उद्योगले किसानको उखु खरिद गर्ने गरेका छन् । सरकारले समयमै न्यूनतम समर्थन मूल्य नतोक्दा उद्योगहरूले पुरानै वर्षको मूल्यको आधारमा उखु खरिद गर्ने र धेरैले भेली बनाउने उद्योगलाई सस्तोमा उखु बेच्न बाध्य हुँदा किसानलाई घाटा हुने गरेको छ ।

अहिले जिल्लामा भेली उद्योग सञ्चालनमा आएका छन् । भेली उद्योग सिजनअनुसार सञ्चालनमा आउँछन्, भेली उद्योगको एकिन विवरण समेत छैन । बिना दर्ता समेत सञ्चालनमा ल्याउने भएकाले अहिले किसानले कति उखु भेली उद्योगलाई दिए भन्नेबारे एकिन गर्न कठिन छ ।

नवलपरासी उखुका लागि उर्वर क्षेत्र भए पनि उद्योगहरुले समयमा भुक्तानी नगर्दा किसान अन्य वालितर्फ उन्मुख भएपछि उत्पादन घटेको हो । अहिले फेरि विस्तारै उत्पादन वृद्धि हुन थालेको प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेश चन्द्र यादवले बताए ।

पश्चिम नवलपरासीको सुस्ता प्रतापपुर गाउँपालिकाका अधिकांश किसानहरु उखुमा आत्मनिर्भर रहेका छन् । जिल्लामा सञ्चालित बाग्मती, इन्दिरा, चिनी मिल सुस्ता मोहिनी चिनी मिल सरावल र लुम्बिनी चिनी मिल सुनवलमा सञ्चालित रहेका छन् । सञ्चालित केही चिनी उद्योग सञ्चालनमा आएका छन् ।


## Ribdikot Rural Municipality

**Khasyauli ,Palpa**

# Invitation for Bids

Date of publication: 20-November-2024

1. Ribdikot Rural Municipality, Khasyauli,Palpa invites electronic bids from eligible bidders for the procurement of worksas specified here under.
2. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
   ***Information to deposit the cost of Bidding Document in Bank:***
   ***Name of the Office: Ribdikot Rural Municipality, Khasyauli ,Palpa***
   ***Name of Bank: Nic Asia Bank Ltd ( Harthok BranchPalpa)***
   ***Office Account no: 0902050029116002(ANTARIK RAJASWA KHATA)***
3. Bids must be submitted electonically before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Ribdikot Rural Municipality, Khasyauli ,Palpa .
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (GA 3 – DHARAUTI KHATA-RIBDIKOT GAUPALIKA), A/CNo.:090CA50023041004) on behalf of Ribdikot Rural Municipality, Khasyauli , Palpa ,or online bid must be valid security for a period of 90 days for NCB counting after the of bid opening and must be accompanied by bid security, which shall be valid for minimum 30 days beyond the bid validity period.The scan copy of bid security should be uploaded in e-GP system during bid submission.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR- 2064 (with their revisions).
7. Incaseof confusion contact on 9847487945,9857075307 within office hours.The name, identification number and other details of the contract are as follows:

| S. N. | Contract Name | Identification No. | Estimated Amount inclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Jaleshwor Tourism Promotion Ribdikot-5 | RRM/ WORKS/ NCB-11/ 2081/82 | 19,974,181.75 | 3,000.00 | 5,00,000 | 22/12/2024 12:00 | 22/12/2024 13:00 | Online |

Chief Administrative Officer



## कावासोती नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

### आशयको सूचना

प्रकाशित मितिः२०८१/०८/०४

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको निर्माण कार्यका लागि दर्ता हुन आएका इलेक्ट्रोनिक बोलपत्रहरु मुल्याङ्कन हुँदा तपशिल बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकाले उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७(सात) दिने आशयपत्रको सूचना जारी गरिएको छ ।

**तपशिल :**

| क्र.स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | बोलपत्रदाताको नाम | कबोल रकम (भ्याट र प्रोभिज्नल सम बाहेक) |
|---|---|---|---|---|
| १ | ५/KM/NCB/ २०८१-८२ | अधुरो कवर्डहलको ट्रस निर्माण, वडा नं.६ | सनसाईन ईन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्ट्रक्शन प्रा.लि. भरतपुर ३ चितवन | १७,३६,५०३.००।- |



डि.स.का. पाल्पा दर्ता नं. ०९१/०५६/०५७ नेफस्कून दर्ता नं. ९३६

## अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि. रामपुर, पाल्पा

### २६औं बार्षिक साधारण सभा हुने सम्बन्धी सूचना

अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था लि. रामपुर, पाल्पाको विनियम २०७७ को दफा २६ को उपदफा ८ ले उल्लेख गरे बमोजिम निम्न मिति, समय र स्थानहरुमा बार्षिक प्रतिवेदन उपर राय, सल्लाह, सुझाब संकलन तथा निर्णय प्रमाणित गर्नका लागि यस संस्थाको २६ औं बार्षिक साधारण सभा हुने भएकाले सदस्यज्यूहरुले यसै सूचनालाई आधिकारिक सूचना मानी आफू आबद्ध रहेको वा आफूलाई पायक पर्ने सेवा केन्द्रहरुमा आयोजना गरिने एकाइ तथा सेवाकेन्द्र स्तरीय साधारण सभामा अनिवार्य उपस्थित भई आफ्नो राय सल्लाह सुझाब दिनुहुन यो सूचना प्रसारण गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थानहरु**

| क्र.सं. | सेवा केन्द्र वा एकाइगत साधारण सभा | सभा संचालन हुने स्थान | मिति | समय |
|---|---|---|---|---|
| १ | २६ औं बार्षिक साधारण सभाको शुभारम्भ कार्यक्रम | केन्द्रीय कार्यालयको सभाहल | २०८१/०८/१४ गते शुक्रबार | ११.०० बजे |
| २ | ताहुँ सेवा केन्द्रमा आवद्ध सदस्यहरुको लागि | रम्भा मा. वि. रम्भा गाउँपालिका ताहुँ बजार | २०८१/०८/१५ गते शनिबार बजे | ११.०० बजे |
| ३ | जब्गादी सेवा केन्द्रमा आवद्ध सदस्यहरुको लागि | भानुभक्त मा. वि. जव्गादी | २०८१/०८/१५ गते शनिबार | ११.०० बजे |
| ४ | निस्दी गाउँपालिकामा आवद्ध सदस्यहरुको लागि | जनता मा. वि. ढुङ्गानाबेसी गल्धा | २०८१/०८/१५ गते शनिबार | ११.०० बजे |
| ५ | रामटार सेवा केन्द्रमा आवद्ध सदस्यहरुको लागि | जन कल्याण मा. वि. रामटार | २०८१/०८/१५ गते शनिबार | ११.०० बजे |
| ६ | सहयोगी सेवा केन्द्र र केन्द्रीय कार्यालयमा आवद्ध सदस्यहरुको लागि | शहिद बहुमुखी क्याम्पस रामपुर-७, किसानबारी | २०८१/०८/१८ गते मंगलबार | ११.०० बजे |
| ७ | निर्णय प्रमाणित सहितको साधारण सभा (संचालक समितिको संख्याको ३ गुणा भन्दा बढी नहुने गरी एकाई गत साधारण सभाबाट छनौट भई आउने सदस्यहरु मात्र सहभागी हुन सक्ने) | संस्थाको सभा हल रामपुर-७ | २०८१/०८/२१ गते शुक्रबार | ११.०० बजे |

- सम्पूर्ण सदस्यहरुले आफूलाई पायक पर्ने सेवाकेन्द्र स्तरीय एकाइगत साधारण सभामा सहभागी भई आ-आफ्नो राय सल्लाह सुझाब दिन सक्नु हुने व्यवस्था गरिएको छ ।
- भने निर्णय प्रमाणित सहितको साधारण सभामा सेवाकेन्द्र स्तरीय साधारण सभाबाट छनौट भई आउने सदस्यहरु मात्र सहभागी हुन सक्ने व्यवस्था गरिएको छ ।
- निर्णय प्रमाणित सभामा सहभागी हुने संख्या अघिल्ला बर्षहरुमा भन्दा फरक विधिबाट सहकारी विभागले जारी गरेको साधारण सभा संचालन कार्य व्यवस्था बमोजिम संचालक समितिको सदस्य संख्याको बढीमा ३ गुणामा नबढ्ने गरी व्यवस्था गरिएको छ ।
- सदस्यहरुले बार्षिक प्रतिवेदन संस्थाको **Website** बाट पनि हेर्न सकिने व्यवस्था मिलाईएको छ ।
- सदस्यज्युहरुलाई प्रत्यक्ष पत्राचार र भेटघाट गर्न कठिन हुने कारण विभिन्न संचार माध्यम, स्थानीय रेडियो, सामाजिक संजाल, फोन सम्पर्क, एस. एम.एस. जस्ता प्रविधिको प्रयोग गरी सूचना प्रसारण गरिएको हुँदा यसै सूचनालाई आधिकारिक सूचना मानी उपस्थित भइदिनुहन अनुरोध छ ।

**अनुरोधक**
**अन्धकारमुक्ति साकोस संचालक समिति**
**रामपुर, पाल्पा**



लुम्बिनी प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
यातायात पूर्वाधार निर्देशनालय
**सडक पूर्वाधार विकास कार्यालय**
मणिग्राम, रुपन्देही

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मितिः २०८१०८।०५**

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत रितपूर्वकपेश हुन आएका बोलपत्रहरूको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोल पत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएको भनी मूल्याङ्कन समितिबाट सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | न्युनतम मूल्याकिंत सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (प्रोभिजनल सम र मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | RIDORUP/RUP/134/NCB/081-82/24 | M/S R.A CHITRA/OM J.V., Madhyapur Thimi-1, Bhaktapur | १,५१,८५,८९८.४५ |
| २ | RIDORUP/RUP/134/NCB/081-82/84 | M/S Bishnu Pasa Construction, Madhyapur Thimi-3,Bhaktapur | ७,८८,२९१.९५ |
| ३ | RIDORUP/RUP/134/NCB/081-82/85 | M/S Himali Danphe Construction and Associate Pvt.ltd, Sainamaina-4, Rupandehi | १८,९३,४४३.०० |
| ४ | RIDORUP/RUP/134/NCB/081-82/86 | M/S Premium construction and suppliers Pvt.ltd, Kathmandu-14 | २१,३७,४६७.९५ |



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी

# विदेशी लगानी खोज्दै प्रदेश सरकार

लुम्बिनी संवाददाता

*दाङ*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशको आर्थिक विकाससँग जोडिएका महत्वपूर्ण आयोजनाहरुमा विदेशी लगानी भित्राउन दातृ निकायहरुसँगको छलफललाई तीब्रता दिएका छन् ।

मंगलबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा ब्रिटिस एम्बेसीका आर्थिक विभाग प्रमुख साम फेलको नेतृत्वमा रहेको टोलीसँग छलफल गर्दै प्रदेशको आर्थिक विकाससँग जोडिएका महत्त्वपूर्ण आयोजनाहरुमा लगानी गर्न मुख्यमन्त्री आचार्यले आह्वान गरेका हुन् ।

सरकारले लगानीको वातावरण बनाउने भएकाले ढुक्क भएर प्रदेशका योजनाहरुमा साझेदारी गर्न अनुरोध गरे । प्रदेश राजधानीलाई हरित र नदी सभ्यतामा आधारित नमूना शहर बनाउन लगानी चाहिएको जानकारी गराउँदै सरकारले लगानीको वातावरण बनाउने र त्यसमा ढुक्क भएर काम गर्न आग्रह गरे ।

लगानीको वातावरण बनाउन चाहिने आधारहरु सरकारले बनाउँछ। ढुक्कको वातावरण हामी निर्माण गर्छौं। प्रदेशको आर्थिक विकाससँग जोडिएका आयोजनालाई अघि बढाउन हामीसँग प्रशस्त बजेट छैन । मुख्यमन्त्री आचार्यले भने-'दातृ निकाय, निजी क्षेत्रसँग सहकार्य गरेर महत्त्वपूर्ण आयोजनालाई अघि बढाउन चाहन्छौं ।

प्रदेश सरकारले लुम्बिनी प्रदेशको राजधानी शहर निर्माण, शिवपुर र कालाकाटे सुरुङ्ग मार्ग, बौद्ध सर्किटमा मोनोरेल सञ्चालन, कृषि र पर्यटन क्षेत्रमा सघन परियोजनाहरु अघि बढाउन सक्नेगरी लगानीको क्षेत्रहरुको बारेमा जानकारी गराएको छ ।

शिवपुरदेखि कालाकाटेसम्म सुरुङ मार्गको परियोजना ७ किलोमिटरको हुने प्रारम्भिक सर्वेक्षणबाट देखिएको छ ।

जसले१८ किलोमिटर बाटो छोटिने भएकाले राजधानीसँग पहुँच सहज हुने देखिएको हो ।

'यी आयोजना अघि बढेभने प्रदेशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुग्छ । घाटा होइन नाफामा जाने आयोजना हुन्,' मुख्यमन्त्री आचार्यले भने-'प्रदेश सरकार, दातृ निकाय, निजी क्षेत्रको विचमा सहकार्यमा अघि बढाउन सकिन्छ ।' प्रदेश सरकारले लुम्बिनीमा लगानी भित्र्याउन लगानी बोर्डसँग पनि निरन्तर छलफल गरिरहेको छ। लुम्बिनीमा लगानी सम्मेलन गर्ने तयारी पनि छ । प्रदेश सरकारले दोस्रो आवधिक योजनालाई पूर्णता दिन थालेको छ । जसमा दिगोविकास लक्ष्यले निर्धारण गरेका लक्ष्य, उद्देश्यसँग जोडेर योजनाको प्राथमिकीकरण गरिएको समेत जानकारी दिए । गरिबीको रेखामुनि रहेका नागरिकहरुको जीवनस्तर उठाउनेगरी कृषि र पर्यटन क्षेत्रलाई प्राथमिकमा राखिएको छ । छलफलमा प्रदेशका प्रमुख सचिव महादेव पन्थ, प्रदेश सचिव इश्वरराज पौडेल, प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष डाक्टर नहकुल केसी, मुख्यमन्त्रीका जनसम्पर्क सल्लाहकार डाक्टर रामबहादुर राउतलगायतले भाग लिएका थिए ।

# सहकारी पीडितको आन्दोलनमा रास्वपाको समर्थन

काठमाडौं । मंसिर ५ गतेदेखि सहकारी पीडितहरूले गर्ने काठमाडौं केन्द्रित आन्दोलनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ऐक्यबद्धता जनाएको छ ।

मंगलबार कार्यवाहक प्रवक्ता मनिष झाले एक विज्ञप्ति जारी गर्दै सहकारी पीडितको आन्दोलनमा ऐक्यबद्धता रहेको जनाएका हुन् ।

रास्वपाले बचतकर्ताहरुको रकम फिर्ता गराउने उद्देश्यसाथ राखिएको अभियानमा गैरदलीय पहिचानसहित शान्तिपूर्ण सहभागिताका लागि पार्टीका शुभेच्छुक एवं समस्त आम नागरिकहरूमा आग्रह समेत गरेको छ ।

'सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान' नामबाट सहकारी पीडितहरूले बचत रकम फिर्ताको माग गर्दै काठमाडौं केन्द्रित आन्दोलन सुरु गर्दैछन् ।

फितलो कानुन, भएको कानुनको इमान्दार कार्यान्वयन नहुनु र पटकपटक बचतकर्तालाई आश्वासनको भरमा अभियान असफल पार्न राज्य नै लाग्नाले सहकारी समस्याको समाधान नभएको रास्वपाले बताउँदै आएको छ ।

# अटो इञ्जिनियरिङ व्यवसायीलाई कर अभिमुखीकरण




बुटवल । बुटवल अटो इञ्जिनियरिङ एशोसियसन रुपन्देही लुम्बिनीको अयोजनामा करसम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ । बुटवल २ मैनाबगरमा रहेको एसोसिएसनको सभाहलमा एशोसियसनका सदस्य व्यवसायीहरुलाई अभिमुखीकरण गरिएको हो ।

अभिमुखीकरणमा बोल्दै नेपाल अटो मेकानिक्स व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष जनार्धन गैरेले महासंघले व्यवसायिक हक हितमा रहेर काम गर्दै आएको जानकारी गराए । उनले व्यवसायीहरु धेरैले आफ्नो व्यवसायमा केन्द्रित रहँदा अन्य कुराहरु जानकारी नहुने अवस्थामा एशोसियसनले करको क्षेत्रमा भएका परिवर्तनसहित अभिमुखीकरण गरेको भन्दै प्रसंशा गरे ।

कार्यक्रममा आन्तरिक राजस्व कार्यालय बुटवलका कर अधिकृत भविश्वर पोखेलले फेरिएको बिल बिजक, परिवर्तित नियमहरु तथा व्यवसायीले पाउन सक्ने राहतको व्यवस्थालगायतको बारेमा प्रशिक्षण दिएका थिए । राजस्व अनुसन्धान कार्यालयका प्रशिक्षक दिपेन्द्र श्रेष्ठले कर तथा राजस्वको बारेमा प्रशिक्षण दिएका थिए । बुटवल अटो इञ्जिनियरिङ एशोसियसन रुपन्देही लुम्बिनीका अध्यक्ष प्रेम गौचनले व्यवसायीहरुमा परिवर्तन भएको करको नीति तथा लेखा व्यवस्थापनमा सहयोग पुग्ने विश्वाससहित अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

वाणिज्य उपाध्यक्ष बाबुराम आचार्यको स्वागत तथा सचिव मनिष पाण्डेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । अभिमुखीकरणमा करिब २ सय व्यवसायी सहभागी रहेका थिए ।

## BinayiTribeni Rural Municipality
**Office of Rural Municipal Executive**
**Nawalparasi (East of BardghatSusta), Dumkibas**
**Gandaki Province, Nepal**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# Invitation For Online Bids

Date of publication: 2081/08/05, (20th, Nov, 2024)

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 07/BTRM/ NCB/ Works/ 2081-082 | Warda Number 2 ko Bibhina Bato Kalopatre | 9000000.00 | 225000.00 | 3000.00 | 2081/09/05 (20th, Dec, 2024) Before 12:00 | 90 Days | 2081/08/26 (11th, Nov, 2024) at 1:00 PM | 2081/09/05 (20th, Dec, 2024) After 1:00 | |
| 2 | 08/BTRM/ NCB/ Works/ 2081-082 | Kanikeshal Chukaha Bhaisekhola Saam BatoIostarunnati | 19500000.00 | 487500.00 | 3000.00 | 2081/09/05 (20th, Dec, 2024) Before 12:00 | 90 Days | 2081/08/26 (11th, Nov, 2024) at 1:00 PM | 2081/09/05 (20th, Dec, 2024) After 1:00 | |
| 3 | 09/BTRM/ NCB/ Works/ 2081-082 | Bagaicha Adharshatol Salghari Sadak Staronnati | 4996487.55 | 124900.00 | 3000.00 | 2081/09/05 (20th, Dec, 2024) Before 12:00 | 90 Days | 2081/08/26 (11th, Nov, 2024) at 1:00 PM | 2081/09/05 (20th, Dec, 2024) After 1:00 | |
| 4 | 10/BTRM/ NCB/ Works/ 2081-082 | Bhorlabhanjyang Barhabise Chidiya SadakBinayi Tribeni Gaunpalika Wada No 5 | 5248955.80 | 131000.00 | 3000.00 | 2081/09/05 (20th, Dec, 2024) Before 12:00 | 90 Days | 2081/08/26 (11th, Nov, 2024) at 1:00 PM | 2081/09/05 (20th, Dec, 2024) After 1:00 | |
| 5 | 11/BTRM/ NCB/ Works/ 2081-082 | Prasaiya Sahumara Shivpurgadhi Keulani sadak starunnati & Prasai yatallotol bato starunnati. | 2976960.16 | 74400.00 | 3000.00 | 2081/09/05 (20th, Dec, 2024) Before 12:00 | 90 Days | 2081/08/26 (11th, Nov, 2024) at 1:00 PM | 2081/09/05 (20th, Dec, 2024) After 1:00 | |
| 6 | 12/BTRM/ NCB/ Works/ 2081-082 | Bankatti Bato Starunnti,Mastij Chok Dekhi Kabarsthan Samma Nalaistarunati & Construction of a health center building at the border crossing | 2955224.76 | 73800.00 | 3000.00 | 2081/09/05 (20th, Dec, 2024) Before 12:00 | 90 Days | 2081/08/26 (11th, Nov, 2024) at 1:00 PM | 2081/09/05 (20th, Dec, 2024) After 1:00 | |
| 7 | 13/BTRM/ NCB/ Works/ 2081-082 | Construction of toilets with drinking water and sanitation in schools and management of sanitary materials | 4231889.38 | 105700.00 | 3000.00 | 2081/09/05 (20th, Dec, 2024) Before 12:00 | 90 Days | 2081/08/26 (11th, Nov, 2024) at 1:00 PM | 2081/09/05 (20th, Dec, 2024) After 1:00 | |
| 8 | 14/BTRM/ NCB/ Works/ 2081-082 | Ward-5 Bhawan Nirman, Health-Post Nirman Tatha Covered Nirman | 1700000.00 | 42500.00 | 3000.00 | 2081/09/05 (20th, Dec, 2024) Before 12:00 | 90 Days | 2081/08/26 (11th, Nov, 2024) at 1:00 PM | 2081/09/05 (20th, Dec, 2024) After 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East )<br>Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East)<br>Binayi Tribeni Gaunpalika GA1.1 Aantarik RajashwoKhata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East)<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East)<br>Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com